# चौरपाटी गाउँपालिकाको आ.व. २०८१/०८२  को नीति तथा कार्यक्रम

आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु ,

**आज मिति २०८१ साल बैशाख २५ गते मंगलवारका दिन म यस चौरपाटी गाउँपालिकाको गरिमामय सभामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु ।**

यस गरिमामय सभामा चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रममा उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यू, सम्पुर्ण कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी साथिहरु लगायत वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा चौरपाटी गाउँपालिकालाइ विभिन्न महत्वपुर्ण  सुझाव दिनु हुने सम्पुर्ण राजनैतिक दल, संघसंस्था, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध चौरपाटी गाउँपालिका  निर्माण गर्ने हाम्रो संकल्प, समस्त चौरपाटी गाउँपालिका  वासीको सम्वृद्धि चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई केन्द्रित गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध चौरपाटी गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

हामी चौरपाटी गाउँपालिकामा स्थानीय सरकारको रुपमा रहि आफ्नो निति आफै बनाउने र आफ्नो लागी आफै शासन गर्ने लोकतन्त्रको अभ्यास गरिरहेका छौ । यस अवसरमा संविधानले सुनिश्चित गरेका कानुनी प्रावधानहरुलाई अक्षरसः पालना गर्ने र गराउने प्रतिवद्धता व्यक्त गर्दछु। साथै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण राख्दै जनताका सार्वभौम अधिकार, स्वायत्तता र सुशासनको अधिकारलाई आत्मसात गर्ने छौ। केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने छौ ।

पहिलो पटक निर्वाचित जनप्रतिनिधिले गरेका कामको स्वामित्व लिदै नयाँ पन सहितका कामहरु गर्नको लागि सम्भावना र चुनौतिको अग्नि परिक्षामा हामी उपस्थित छौ। यो गरिमामय सभामा चौरपाटी गाउँपालिकाको विकास निर्माणमा थप उर्जाका साथ अगाढी बढ्न हामि तयार हुन जरुरी छ ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः रुस-युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तान्तरण अनुदानमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो चौरपाटी गाउँपालिकाले स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

- **विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

- **विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. गाउँपालिका क्षेत्रमा प्रचुर मात्रामा प्राकृतिक श्रोतको उपलब्धता रहेको ।

- **विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३. गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउनु ।

४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

**सभाध्यक्ष महोदय ,**

अब म यस चौरपाटी गाउँपालिकाको नीति तथा कार्यक्रमका नीतिगत आधारहरु, उद्देश्यहरु र प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु ।

- **नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू :**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँ/नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने

प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

- **नीति तथा कार्यक्रमका मुलभूत उद्देश्यहरु देहाय बमोजिम रहने छन ।**

  - चौरपाटी गाउँपालिकाको गुरु योजना, आवाधिक योजना, मध्यकालीन खर्च संरचनाको आधारमा लक्ष्य प्राप्त गर्ने योजना बनाउने ।
  - कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार गर्ने ।
  - रोजगारी र स्वरोजगारी सृजना गरि ग्रामिण अर्थतन्त्रलाई गतिशिल बनाउने ।
  - शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सुविधाहरुमा नागरिकको पहुँच वृद्धि गर्ने ।
  - गाउँपालिकाको सेवा प्रवाहलाई सरल सुलभ र नागरिकमैत्री बनाउने ।

- **माथिका उद्देश्यहरु परिपूर्ति गर्नका लागि गाउँपालिकाले आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रमहरु छनौट गर्न देहाय बमोजिमका प्राथमिकताहरु निर्धारण गरिएको छ ।**
  - नागरिकको जीविकोपार्जनमा प्रत्यक्ष योगदान पुर्याउने आयोजनाहरु।
  - लामो समय बन्दाबन्दीका कारण चालु आ.व.मा सम्पन्न हुन नसकेका क्रमागत रुपमा रहेका आयोजनाहरु ।
  - संघ तथा प्रदेश सरकार र अन्य विभिन्न बिकास साझेदारहरुसँगको लागत साझेदारीमा संचालन गर्न सकिने आयोजनाहरु ।
  - समुदाय बाट माग भई आएका अन्य आयोजनाहरु ।

**सभाध्यक्ष महोदय,**
अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## ❖ आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### ➢ कृषि तर्फ

❖ बाली/बस्तुको भौगोलिक तथा प्राबिधिक सम्भावनाका आधारमा एक वडा एक नमुना फलफुल तथा तरकारी पकेट क्षेत्र बिस्तार गरिने छ ।

❖ कृषि उपज संकलन केन्द्र निर्माण गरि कृषि तथा पशुजन्य उपजको बजारिकरणमा सहयोग गरिने छ ।

- कृषकहरुको सहायताका लागि आवश्यक कृषि एम्बुलेन्सको लागि संघिय सरकार र प्रदेश सरकार संग समन्वय गरिने छ ।
- स्थानीय रैथाने बालीहरुको बिउ संरक्षण, खेति विस्तार र बजारीकरणको लागि बिशेष प्रबन्ध मिलाइने छ ।
- जलवायु परिवर्तनले गर्दा किसानको बालीमा देखिएका रोग तथा किरा नियन्त्रण गर्न बालि उपचार शिबिर कार्यक्रम संचालन गरिने छ ।
- कृषि क्षेत्रबाट सृजना हुने रोजगारीको दर बढाउन विदेशबाट फर्किएका यात्रुहरुलाई कृषिमा आकर्षित गर्न बिशेष अनुदान कार्यक्रम संचालन गरिने छ ।
- बाँझो जमिन राख्ने प्रवृतिलाई निरुत्साहित गर्न तथा सार्बजनिक रुपमा रहेका बाँझो जमिन तथा खेर गई रहेका जमिनहरूमा कृषि उत्पादन गर्न प्रोत्साहन गरिने छ । **"जमिन बाँझो नराखौ सक्नेलाई खेति गर्न दिउ"** भनी अभियानलाई कार्यान्वयन गर्न आधारित अनुदानका कार्यक्रमहरु संचालन गरिने छ ।
- कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्नको लागि नियमित उत्पादनलाई निरन्तरता दिन र कृषि उत्पादनमा आकर्षित गर्न **"गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार "** कार्यक्रम संचालन गरिने छ ।आगामी आ.व मा कम्तिमा ०७ जना कृषकहरुलाई पुरस्कृत गरिने छ ।
- उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको चौरपाटी गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा चौरपाटी गाउँपालिका ले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।
- रासायनिक मल व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गर्दै समस्यालाई न्यूनीकरण गर्न किसानलाइ जैविक खेति तथा जैविक मल बनाउन तर्फ प्रोत्साहन गरिने छ ।

## ➢ पशु सेवा तर्फ

- कृषकहरुलाई व्यावसायिक पशुपालन तर्फ आकर्षण हुने खालका कार्यक्रमहरु संचालन गरिने छ ।
- पशुपालन व्यावसाय्को जोखिम कम गर्नका लागि पशु बिमाको कार्यक्रम संचालनमा ल्याई पशुपालन व्यावसायिक किसानहरुलाई प्रबद्वन गरिने छ ।
- विश्वव्यापी रुपमा देखा पर्ने लम्पी स्किन, खोरेट रोग जस्ता पशु रोगहरु तथा महामारीबाट हुने नोक्सानीलाई न्यूनीकरण गर्न प्राविधिक जनशक्तिको परिचालन गरिने छ

- ❖ पशुपालन व्यवसायका लागि कृत्रिम गर्बधारणका कार्यक्रम ल्याई पशुहरुको नश्ल सुधार गरिने छ
- ❖ पशुपालन कृषकहरुका लागि पशु आहार व्यवस्थापन कार्यक्रमहरु ल्याइने छ
- ❖ कृषिमा आधारित अर्थतन्त्र थप मजबुत बनाउन तथा पशुपालन, दुग्ध उत्पादन, मासु तथा अण्डा उत्पादन गरि ग्रामिण अर्थतन्त्रलाई मजबुत बनाउदै पशुपालन व्यवसायलाई सम्मानजनक र नाफामुखी व्यवसायका रुपमा विकास गर्न कार्यक्रम तजुर्मा गरि लागु गरिने छ ।

## ➢ पर्यटन

- ❖ स्थानीय पर्यटन उधोगलाई प्रबद्वन गर्नका लागी चौरपाटी क्षेत्र भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु शान्निकोट मन्दिर, जिमराडी चित्रे त्रिवेणी धाम, शेली धार्मिक पर्यटकीय क्षेत्र, त्रिवेणी धाम चौखुमी क्षेत्र, बैजनाथ धाम, चान्तोला टावर, मस्टाबंडाली , कालिका मन्दिर , मालिका मन्दिर, वान्जडे देवता, तेडी माडु , पात्ति फाल्ने सोकट, मष्टा , गुप्त भवानी फट्टकाल्ना क्षेत्र दहिखाल , देविथुम , नरथापे , कांटेगाउँ मन्दिर, शिद्दबाबा मन्दिर चौखुट्टे, पेटारीकोट मुन्ग्रा, बाच्कोटी मन्दिर, टेडीमष्ट भटिक राजकोटलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ
- ❖ फट्टकाल्ना क्षेत्रमा पाइने सिंहमर्मरको अध्ययन अनुसन्धान गरि संरक्षण गरिने छ
- ❖ पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न चौरपाटी गाउँपालिका को पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ चौरपाटी गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
- ❖ मुख्य स्थान चोक र चौरपाटी गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।
- ❖ चौरपाटी गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोशर हरुको वितरण गरिनेछ।

## ➢ उधोग

- ❖ औधोगिक तथा ब्यावसायिक विकासका लागि चौरपाटी गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।
- ❖ औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ ।
- ❖ उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

- ❖ लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।
- ❖ सम्पूर्ण स्वदेशी कच्चा पदार्थ उत्पादन गरि साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

### ➢ सहकारी तर्फ

- ❖ सहकारिहरुलाई नियमन गरि सहकारी सिदान्त र उदेश्यका आधारमा एक वडा एक सहकारीको विकास गर्दै लगिने छ
- ❖ सहकारी संचालनका लागि बिउपुंजीको व्यवस्थापन गरिने छ
- ❖ सहकारी संस्थाको क्षेमता विकासका कार्यक्रमहरु संचालन गरिने छन
- ❖ सहकारी संस्थालाइ प्रबद्वन गर्दै आर्थिक विकासमा सहभागी गराउने नीति अवलम्बन गरिने छ
- ❖ सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
- ❖ उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।
- ❖ चौरपाटी गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
- ❖ सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
- ❖ कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

## ❖ सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### ➢ शिक्षा तर्फ

- ➢ चौरपाटी गाउँपालिकाको स्थानीय पाठ्यक्रमका अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक साथै गुणस्तरीय शिक्षा दिन जोड दिइनेछ।
- ➢ चौरपाटी गाउँपालिका भित्र स्नातक तह सम्म अध्ययन गर्नका लागि चौरपाटी बहुमुखी क्याम्पस संचालन गर्ने नीति लिईनेछ।
- ➢ विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षक तथा बालविकास केन्द्रका सहजकर्ताहरुको व्यावसायिक क्षमता बिकास गर्ने नीति अवलम्बन गरिने छ ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।
- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी चौरपाटी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।
- विद्यालय समायोजन तथा एकिकरण कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ, साथै सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी पुनरावलोकन गर्नुका साथै शिक्षक कर्मचारीहरुको नियमित रुपमा सरुवा गर्ने नीति अवलम्बन गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बिधालय भवन शौचालय, खानेपानी, घेरापर्खाल तथा पुराना संरचनाहरुको जिर्णोद्वार गरि यस्ता संरचना हरुलाई बालमैत्री तथा अपाङ्गतामैत्री बनाइने छ ।
- सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
- शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एकिकृत शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।
- Green School Clean School को अवधारणालाइ अवलम्बन गरिने छ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र कक्षा ०८ र १० मा उत्कृस्ट अंक ल्याउने विधार्थीहरुका लागि प्रोत्साहनमुलक कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्रका मेधावी बिधार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिने छ ।
- गरिब, टुहुरा, अपांग बालबालिकालाई निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- शिक्षाको गुणात्मक वृद्धि र अभिभावकहरुलाई क्रियाशील बनाउन अभिभावक संग गाउँपालिका कार्यक्रम सन्चालन गरिने छ ।
- बिधार्थीहरुलाई स्थानीय पेशा व्यवसाय प्रबिधि संग परिचित गराई व्यावहारिक जिवनोपयोगी सिप बिकासमा जोड दिइने छ ।
- सम्पूर्ण माध्यमिक विद्यालयहरुमा स्काउट कार्यक्रम संचालन गरि सुरक्षा सम्बन्धि तालिम उपलब्ध गराईने छ ।

- गाउँपालिका क्षेत्र भित्रका प्राबिधिक तथा बिज्ञान बिषय लिई अध्ययन गरिरहेका छात्र छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ .

## ➢ स्वस्थ्य तर्फ

- नागरिकहरुलाई मृगौला, मुटु, हाडजोर्नी तथा नसा सम्बन्धि, मानसिक, उच्च रक्तचाप, मधुमेह,हेपाटाईटिस-बी जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- यस पालिका अन्तर्गत रहेका ५ वर्ष मुनिका बालबालिकाले पूर्ण खोप लिई पूर्ण खोप दिगोपना तथा सुनिश्चितता भएको कार्यलाई निरन्तरता दिईनेछ।
- क्षयरोग मुक्त नेपाल घोषणा कार्यक्रमलाई आत्मसाथ गर्दै यस पालिकालाई पनि क्षयरोग मुक्त पालिका घोषणा गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
- आमा बचाउ अभियान अन्तर्गत सुदुरपश्चिम प्रदेश भरि सुत्केरी र गर्भवती महिलाहरुका लागि निशुल्क ***Ambulance*** सेवा उपलब्ध गराउने व्यवस्था निरन्तर गरिने छ ।
- महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
- स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको नियमन गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा गुणस्तरीय सेवा प्रदान गर्नको लागि आवश्यक औजार उपकरणहरुको व्यवस्था मिलाईने छ ।
- नागरिकको पहुँच सुनिश्चित हुने गरी चौरपाटी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

  पालिका स्तरको चौरमाण्डौ आधारभूत अस्पतालको आपातकालीन सेवा विस्तार गर्न आवश्यक कर्मचारीहरुको साथै औषधि उपकरणको व्यवस्थापन गरिने छ .
- चौरपाटी गाउँपालिकाका सात वटै वडामा परिवार नियोजन सेवा तथा पोषण कार्यक्रमलाई प्राथमिकता राखिने छ ।
- गाउँघर क्लिनिक तथा खोप क्लिनिक निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

- स्वास्थ्य सेवा बाट टाढा रहेका समुदायका लागि सामुदायिक स्वास्थ्य इकाईको बजेटको व्यवस्था गरिने छ ।
- विधुतीय स्वास्थ्य अभिलेख *(EHR)* सेवा विस्तार गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

## सामाजिक सुरक्षा तथा पंजीकरण तर्फ

- सामाजिक सुरक्षालाइ व्यवस्थित गर्न यथार्थ तथ्यांकको आधारमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने व्यवस्था गरिने छ
- सामाजिक सुरक्षा भत्ता जनताको घरदैलोमा उपलब्ध गराउन पहल गरिने छ
- व्यक्तिगत घटना समयमै दर्ता गराउन अभियान तथा जनचेतनाका कार्यक्रमहरु संचालन गरिने छ
- व्यक्तिगत घटनालाइ प्रबिधिमैत्री गराइने छ

## युवा तथा खेलकुद तर्फ

- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।
- विभिन्न खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि चौरपाटी गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आबद्ध गरिनेछ।
- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई ***"विदेश हैन बिजनेस"*** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।
- चौरपाटी गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

## ➢ खानेपानी तथा सरसफाई तर्फ

- ❖ विगतका आ.व.मा पालिका वाट खानेपानीका योजनाहरु सम्पन्न नभएका ठाउँमा उक्त योजनाहरु सम्पन्न गरी पालिकाका प्रत्येक घरधुरीमा खानेपानी आपुर्ती गरिनेछ ।
- ❖ पालिकामा खानेपानी परिक्षणका क्रममा दुषित देखिएका खानेपानीका श्रोतहरुको पानी पिउन योग्य बनाउनका लागी पानी शुद्धीकरणका बिभन्न उपाय अपनाइ पालिकाका प्रत्येक घरधुरीमा सफा खानेपानी आपुर्तिमा व्यवस्था मिलाइनेछ ।
- ❖ अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
- ➢ प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

## ➢ संस्कृति प्रबद्धन तर्फ

- ➢ चौरपाटी गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संकेतहरु निर्माण गरिनेछ।
- ➢ चौरपाटी गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय वेषभूषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।
- ➢ स्थानीय पन्चेबाजा संरक्षण तथा प्रबदनका लागि कार्यक्रम संचालन गरिने छ ।
- ➢ टोल बिकास संस्थाहरुलाई संस्थागत गर्दै लगिने छ
- ➢ स्थानीय कला संस्कृतिहरु जस्तै भुवो, पुतला, होलि, जांत, अनन्ते, भेषभुसालाइ जगेर्ना गर्ने खालका कार्यक्रमहरु ल्याइने छ

## ➢ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ

- ❖ लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- ❖ दलित पाश्वचित्र निर्माण गरि विकेन्द्रित तथ्यांकका आधारमा आवश्यकता अनुसार सिप मुलक तालिम, जीविकोपार्जनका लागि अनुदान तथा दलित बिधार्थीहरुलाई छात्रवृत्तिका कार्यक्रम सन्चालन गरिने छ ।
- ❖ अति बिपन्न परिवारहरुका लागि सुरक्षित आवास कार्यक्रमको शरुवात गरिने छ ।
- ❖ महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

- ❖ परम्परा देखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।
- ❖ विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइ सघन परिचालन गरिनेछ।
- ❖ लैंगिक हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई सुरक्षित आवास गृह स्थापना गरि ससक्तिकरण गर्दै सबलीकरण गरिने छ ।
- ❖ अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना गरिनेछ।
- ❖ फरक क्षमता भएका व्यक्तिहरुलाई घरमै गइ परिचयपत्र बितरण गर्ने नीति अवलम्बन गरिने छ ।
- ❖ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम तथा जेष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- ❖ चौरपाटी गाउँपालिका क्षेत्र भित्र रहेका व्यक्तिगत घटना दर्ता गर्न सहजीकरण गर्ने कार्यक्रमहरु लागु गरि समयमै शत प्रतिशत व्यक्तिगत घटना दर्ता गराइने छ
- ❖ ***"हिंसा मुक्त चौरपाटी गाउँपालिका हाम्रो पहिचान"*** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- ❖ महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
- ❖ गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- ❖ चौरपाटी गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- ❖ हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
- ❖ बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- ❖ चौरपाटी गाउँपालिका का बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८१/८२ भित्र बालमैत्रि वडा घोषणा गर्ने नीति लिइने छ

## ❖ पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

### ➢ भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम तथा पुल

- ➢ आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- ➢ पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित

क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी ***"आयोजना बैंक"*** तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

- चौरपाटी गाउँपालिका को भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- दिर्घकालिन लगानी मार्गदर्शनका लागि चौरपाटी गाउँपालिका  सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- आवासको हकलाई  सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
- चौरपाटी गाउँपालिका लाई सडक मानव मुक्त चौरपाटी गाउँपालिका  बनाइनेछ।
- एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
- चौरपाटी गाउँपालिका को विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी चौरपाटी गाउँपालिका गौरवका आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
- एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। चौरपाटी गाउँपालिका को गहनाको रुपमा रहेको पर्यटन, कला, संस्कृति ऐतिहासिक धरोहरहरुलाई मर्मत तथा पुनर्निर्माण गरी संचालन गर्न प्राथमिकता दिइनेछ।
- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
- घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।
- नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- चौरपाटी गाउँपालिका  भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
- चौरपाटी गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

- चौरपाटी गाउँपालिका को स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
- चौरपाटी गाउँपालिका को सीमा क्षेत्र यकिन गरी चौरपाटी गाउँपालिका सीमानामा कलात्मक तथा चौरपाटी गाउँपालिका को ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।
- पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- आवश्यक स्थानमा झोलुंगे पुल निर्माण गरि आवतजावतमा सहजता तुल्याईने छ .

## सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

- स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र चौरपाटी गाउँपालिका को सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, चौरपाटी गाउँपालिका का निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाउन खुल्ला सरकारको नीति लिइनेछ।
- विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
- नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै चौरपाटी गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।
- पालिकालाई सूचना प्रबिधिमैत्री बनाउन डिजिटल साक्षरता बढाउन बिशेष पहल चालिने छ ।
- सञ्चार नेटवर्कहरु संग 4G नेटवर्क विस्तार तथा सुधारका लागि पहल गरिने छ ।

## वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रम

- पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
- खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
- पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
- भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

- ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
- चौरपाटी गाउँपालिका को विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
- सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

## ➢ सुशासन तथा संस्थागत विकास सम्बन्धि नीति तथा कार्यक्रम

- चौरपाटी गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र तयार गरिनेछ।
- चौरपाटी गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।
- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- प्रत्येक महिनाको आय/व्ययको मास्केवारी चौरपाटी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- चौरपाटी गाउँपालिका बाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा चौरपाटी गाउँपालिका को तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
- चौरपाटी गाउँपालिका बाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
- गाउ प्रहरी सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी पदपूर्ति गर्ने नीति लिइनेछ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

- चौरपाटी गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
- विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति निर्माण गरि प्रयोगमा ल्याइने छ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत शिपमुलक उत्पादनमुखी आयमुलक कार्यक्रम संचालन गरिने छ .

**सभाध्यक्ष महोदय,**

यस आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रमको उत्तरार्धमा पुगिरहदा नीति तथा कार्यक्रम बनाउन सहयोग पुऱ्याउन हुने गाउँसभाका सदस्य ज्यू, गाउँ कार्यपालिका सदस्य ज्यू, वडा समितिका पदाधिकारी ज्यु, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, वडा स्तर देखि सहभागी भई आयोजना कार्यक्रम छनोटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सक्रिय जनसमुदाय, बजेट निर्माण प्रक्रियामा अहोरात्र खटिरहनु भएका कर्मचारी मित्रहरु लगायत नीति कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनु हुने एंव अमुल्य सहयोग सुझाव सल्लाह दिनु हुने सम्पूर्ण प्रति हार्दिक आभार व्यक्त गर्दछु।

# धन्यवाद ।।।।